**मुक्तिनाथ दर्शन सेवा**



दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं २१ गते आइतबार ❑ 6 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## राहत र उद्धारका लागि ७० भन्दा बढी अन्तर्राष्ट्रिय संस्थासँग सहयोग मागिएको छ : अध्यक्ष श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि राज्यलाई ठूलो आर्थिक स्रोत आवश्यक रहेको बताएका छन् । उनले विपत्तिपछि उत्पन्न संकट सामना गर्न महासंघले राष्ट्रिय तथा अन्तर ीष्ट्रिय स्तरबाट सहयोग जुटाउने पहल थालेको जानकारी दिए ।

पोखरा उद्योग वाणिज्य संघको ३६औँ महाधिवेशन तथा ७२औँ वार्षिक साधारणसभाको शनिबार पोखरामा उद्घाटन गर्दै अध्यक्ष श्रेष्ठले राहत तथा उद्धारका लागि अन्तर्राष्ट्रिय क्षेत्रका ७० भन्दा बढी संघसंस्था तथा निकायलाई सहयोगको आग्रह गर्दै पत्राचार गरिसकेको बताए । विदेशमा रहेका उद्योग वाणिज्य संघहरूसँग समेत सहयोगका लागि आग्रह गरिएको उनको भनाइ थियो ।

"देशमा ठूलो विपत्ति परेको छ । यस्तो अवस्थामा व्यवसायी तथा निजी क्षेत्रले मानवीय भावनाका साथ खुलेर सहयोग गर्नुपर्छ," उनले भने, "विपत्तिको समयमा निजी क्षेत्र सरकारसँगै उभिन तयार छ ।" भोटेकोशी क्षेत्रमा आएको बाढी तथा पहिरोबाट प्रभावित नागरिकको राहत र उद्धारमा निजी क्षेत्रले विगतदेखि गर्दै आएको सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता पनि श्रेष्ठले व्यक्त गरे । उनका अनुसार पछिल्लो विपत्तिबाट भएको जनधनको क्षति गम्भीर छ र त्यसबाट मुलुकलाई माथि उठाउन राज्यलाई कम्तीमा ५ खर्ब रुपैयाँभन्दा बढी स्रोत आवश्यक पर्ने अवस्था देखिएको छ ।



जलवायु परिवर्तन र वातावरणीय असन्तुलनका कारण नेपालमा प्राकृतिक विपद्को जोखिम बढ्दै गएको भन्दै श्रेष्ठले दीर्घकालीन रूपमा विपद् न्यूनीकरणका लागि पूर्वतयारी र योजनाबद्ध विकासमा जोड दिए । नदी तथा खोला किनारमा बढ्दो अव्यवस्थित बस्ती, हिमताल विस्फोटलगायतका सम्भावित जोखिमलाई समयमै पहिचान गरी आवश्यक तयारी गर्नुपर्ने उनले बताए । चीनतर्फ रहेका हिमताल फुट्दा समेत नेपालमा ठूलो क्षति हुनसक्ने सम्भावना रहेको उल्लेख गर्दै उनले यस्ता जोखिमबारे सरकारले समयमै अध्ययन, पूर्वानुमान र पूर्वतयारीका कार्यक्रम अघि बढाउनुपर्ने धारणा राखे । महासंघ अध्यक्ष श्रेष्ठले निजी क्षेत्र अहिले कठिन परिस्थितिबाट गुज्रिरहेको भन्दै व्यवसायीलाई निरुत्साहित गर्नेभन्दा उद्योग तथा लगानीमैत्री वातावरण निर्माण गर्न सरकारसँग आग्रह गरे । निजी क्षेत्रले राज्यका कानुन तथा नीति पालना गर्दै सुशासनमा विश्वास गर्ने भएकाले सरकार र निजी क्षेत्रबीच सहकार्य अपरिहार्य रहेको उनले बताए । "निजी क्षेत्रलाई केवल साक्षी बनाएर देशको आर्थिक विकास सम्भव हुँदैन," श्रेष्ठले भने, "औद्योगिक विकास, लगानी विस्तार र रोजगारी सिर्जनाका लागि निजी क्षेत्रलाई थप प्रोत्साहन गर्नुपर्छ ।" नेपालको अर्थतन्त्रमा परनिर्भरता बढ्दै गएको भन्दै उनले स्वदेशमै उत्पादन र रोजगारीका अवसर विस्तार गर्ने गरी औद्योगिक विकासलाई प्राथमिकता दिनुपर्ने बताए । पोखरामा भारतीय पर्यटकको आगमन बढिरहेको उल्लेख गर्दै श्रेष्ठले पर्यटकको बसाइ लम्ब्याउने गरी आवश्यक पूर्वाधार विकासमा ध्यान दिनुपर्ने बताए । त्यस्तै, चीनसँग जोडिएको कोरोला नाकाको सम्भाव्यता अध्ययन गरी व्यापार तथा पर्यटन गतिविधिका लागि प्रभावकारी रूपमा उपयोग गर्नुपर्नेमा उनले जोड दिए ।

संघका अध्यक्ष गोकर्ण कार्कीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मी, कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङ, नेपाल पर्यटन बोर्डका केन्द्रीय सदस्य सन्तोष पोखरेललगायतले विपत्तिको समयमा राहत तथा उद्धारका लागि सबै क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताएका थिए । महाधिवेशनको उद्घाटन सत्र वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्यले सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै समापन गरेका थिए । संघमा हाल २ हजार ७ सय ३१ सदस्य आबद्ध रहेको महासचिव शोभा गौतमले बताइन् ।

**राहत कोषमा २ लाख ५१ हजार सहयोग**

प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि पोखरा उद्योग वाणिज्य संघले २ लाख ५१ हजार रुपैयाँ सहयोग गरेको छ ।संघका अध्यक्ष गोकर्ण कार्कीले नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठलाई उक्त रकमको चेक हस्तान्तरण गरेका हुन् । महासंघले स्थापना गरेको केन्द्रीय राहत कोषमार्फत बाढी प्रभावित क्षेत्रका पीडितसम्म सहयोग पुऱ्याउने उद्देश्यले रकम उपलब्ध गराइएको संघले जनाएको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङको उपस्थितिमा चेक हस्तान्तरण गरिएको थियो । अध्यक्ष कार्कीले विपत्तिको यस घडीमा उद्योगी-व्यवसायीका तर्फबाट सानो भए पनि सहयोग गर्ने उद्देश्यले राहत रकम उपलब्ध गराइएको बताए ।

**तीन विद्यार्थीलाई लक्ष्मी विद्या पदक**

महाधिवेशन तथा साधारणसभाको अवसरमा कास्कीका तीन उत्कृष्ट विद्यार्थीलाई 'लक्ष्मी विद्या पदक-२०८२' प्रदान गरिएको छ । व्यवस्थापन संकायअन्तर्गत स्नातकोत्तर तथा स्नातक तहमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई पदक, नगद पुरस्कारसहित सम्मान गरिएको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## कास्कीमा पहिरोमा परी दुई जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

कास्कीको माछापुच्छ्रे गाउँपालिका-१ साँदलस्थित निर्माणाधीन सुपर सेती जलविद्युत् आयोजनाको पहुँचमार्ग (एक्सेस रोड) खन्ने क्रममा पहिरो खस्दा गम्भीर घाइते भएका दुई कामदारको उपचारका क्रममा मृत्यु भएको छ ।

मृत्यु हुनेमा धनकुटाको पाख्रीबास नगरपालिका-८ घर भई आयोजनामा कार्यरत २६ वर्षीय आयुष राई र खोटाङको केपिलासगढी गाउँपालिका-१ का २७ वर्षीय किसान राई रहेका छन् । जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार दुवै जनाको मणिपाल शिक्षण अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो ।

घटनामा परी इलाम घर भएका ३२ वर्षीय भक्तबहादुर मगर घाइते हुनुभएको छ । उहाँको मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको र घुँडामा चोट लागेको प्रहरीले जनाएको छ । शनिबार बिहान करिब ११:०० बजे जलविद्युत् आयोजनाको पहुँचमार्ग निर्माणका लागि सडक खन्ने काम भइरहेका बेला माथिबाट अचानक पहिरो खसेको थियो । पहिरोमा परेका कामदारलाई घटनालगत्तै स्थानीयवासी र प्रहरीले उद्धार गरी उपचारका लागि मणिपाल शिक्षण अस्पताल पुऱ्याएका थिए ।

सुपर सेती जलविद्युत् आयोजना कास्कीको माछापुच्छ्रे गाउँपालिकामा निर्माणाधीन २४ मेगावाट क्षमताको आयोजना हो ।

## फेवातालमा कायकिङ गर्ने क्रममा डुबेका युवकको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं


पोखराको फेवातालमा कायकिङ गर्ने क्रममा डुबेका उदयपुरका २१ वर्षीय आयुष तामाङको मृत्यु भएको छ ।

सशस्त्र प्रहरीको गोताखोर टोलीले तालको करिब ३० फिट गहिराइबाट अचेत अवस्थामा उद्धार गरी अस्पताल पुऱ्याए पनि उपचारका क्रममा उनको मृत्यु भएको अस्पताल श्रोतले जनाएको छ ।

पोखरा महानगरपालिका-६ स्थित तालबाराही मन्दिर पछाडि शनिबार कायकिङ गर्ने क्रममा तामाङ तालमा डुबेका थिए । उनी डुबेको सूचना प्राप्त भएपछि सशस्त्र प्रहरी बल, नेपाल नं. २४ गण हेडक्वाटर कालिका फेवा रेस्क्यु टावरबाट तत्काल उद्धार टोली परिचालन गरिएको थियो । सशस्त्र प्रहरी सहायक निरीक्षक रामप्रसाद शर्माको कमाण्डमा गोताखोरसहितको विपद् उद्धार टोली आवश्यक सामग्री लिएर घटनास्थल पुगेको थियो ।

टोलीले तालमा खोजतलास गर्ने क्रममा दिउँसो २ बजेर ५० मिनेटमा करिब ३० फिट गहिराइमा तामाङलाई फेला पारेको थियो । तालबाट बाहिर निकाल्दा तामाङ अचेत अवस्थामा थिए । उद्धारपछि तत्काल उपचारका लागि उनलाई दिउँसो २ बजेर ५५ मिनेटमा अस्पताल पठाइएको थियो । अस्पतालमा उपचारकै क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीका निमित्त सूचना अधिकारी एवं प्रहरी निरीक्षक दीपक रिजालले तालबाट अचेत अवस्थामा उद्धार गरी अस्पताल पुऱ्याइए पनि उपचारका क्रममा तामाङको मृत्यु भएको जानकारी दिए । मृतकको शव अस्पतालमै राखिएको छ ।

फेवातालमा हुने सम्भावित दुर्घटना न्यूनीकरण तथा उद्धारका लागि सशस्त्र प्रहरीले फेवा रेस्क्यु टावरबाट नियमित निगरानी गर्दै आएको छ । दुर्घटनाको सूचना प्राप्त हुनासाथ गोताखोरसहितको टोली परिचालन गरिए पनि तामाङलाई बचाउन नसकिएको सशस्त्र प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



## मनास्लु आरोहणका लागि ३४८ जनाले लिए अनुमति, १५ करोड राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
गोरखा २० भदौं

यो वर्षको शरदऋतु (असोज, कात्तिक) मा मनास्लु हिमाल आरोहण गर्न २९ टोलीले अनुमति लिएका छन् । पर्यटन विभागको गत पछिल्लो तथ्याङ्कअनुसार २९ टोलीका ३४८ आरोहीले मनास्लु आरोहणका लागि अनुमति लिएका हुन् ।

विभागबाट अहिलेसम्म कुल ३२ टोलीका ३६७ जना आरोहीले शरद ऋतुमा हिमाल चढ्न अनुमति लिएकामध्ये मनास्लुका लागि मात्र २९ टोलीका ३४८ आरोही रहेको विभागले जनाएको छ ।

यस हिमालबाट यस सिजनका लागि जारी पर्वतारोहण अनुमतिबाट रु १५ करोड ९६ लाख २० हजार ८२८ रोयल्टी सङ्कलन भइसकेको पर्यटन विभागले जनाएको छ । त्यसमध्ये मनास्लुका आरोहीबाट मात्र रु १५ करोड ८७ लाख ५६ हजार २५० राजस्व सङ्कलन भएको छ ।

गोरखाको चुमनुब्री एक, सामागाउँमा रहेको आठ हजार १६३ मिटर उचाइको मनास्लुमा केही वर्षदेखि पर्वतारोहीको आकर्षण बढ्दै गएको छ । अहिले मनास्लु हिमाल आरोहणका लागि शेर्पाहरूले क्याप निर्माण गर्ने र बाटो बनाउने काम गरिरहेको आरोही नाङ्स्याल छोदेनले बताउनुभयो । आरोहीहरू भने सोमबार (सेप्टेम्बर ७) पछि मात्र बेसक्याप आउने उहाँले जानकारी दिनुभयो ।

हाल बेसक्याप नजिकै रहेको सामागाउँ आरोही र उनीहरूका सहयोगीले खचाखच भरिएको छोदेनको भनाइ छ । मनास्लु हिमाल संसारको आठौँ र नेपालको सातौँ अग्लो हिमाल हो । यसलाई किलर माउन्टेनका रूपमा पनि चिनिन्छ ।

मनास्लु हिमालको बेसक्याम्प सामागाउँबाट दुई घण्टाको पैदल दूरीमा छ । बेसक्याम्प गाउँ नजिकै रहनुले आरोहीको रोजाइमा पर्ने गर्छ । आरोहीले यहाँबाट मनास्लुको चुचुरोमा पुग्न एक सातादेखि एक महिनासम्म लगाउने गर्छन् ।

सन् १९५६ मा जापानी नागरिक तासी इमानुसी र ग्याल्जेन नोर्बु शेर्पाले पहिलो पटक मनास्लुको सफल आरोहण गरेका थिए ।


### प्रविधिको प्रयोग व्यवस्थित गरौं

◆ प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
◆ परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
◆ सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
◆ पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
◆ डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
◆ बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
◆ व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
◆ प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं ।

प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# युनाइटेड क्लब पोखराको अध्यक्षमा गणेश तिमिल्सिना

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

युनाइटेड क्लब पोखराको अध्यक्षमा गणेश तिमिल्सिना निर्वाचित भएका छन ।

क्लबको १७ औं साधारण सभा तथा आठौं अधिवेशनबाट आगामी दुई वर्षे कार्यकालका लागि गणेश तिमिल्सिना अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित भएका हुन ।

अधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा शान्त बहादुर थापा, प्रथम उपाध्यक्षमा सूर्य बहादुर बानियाँ, द्धितिय उपाध्यक्षमा दिनेश सुनार, महासचिवमा सन्तोष कार्की, कोषाध्यक्ष जयराम आचार्य, सचिवमा विष्णु कुमार गुरुङ, सह कोषाध्यक्षमा शिव थापा निर्वाचित भएका छन । त्यसैगरी कार्यसमिति सदस्यहरुमा पूर्ण कुमार श्रेष्ठ, शान्ति सुवेदी, बुद्ध कार्की, पदम बहादुर कार्की (बिजय), गणेश बहादुर खड्का, सुरेश थापा, धनराज गुरुङ, मिलन बहादुर अधिकारी र




कृष्ण गौतम बिजय भएका छन ।

कार्यक्रमको उद्धाटन गर्दै पोखरा महानगरपालिका वडा नं. १२ का अध्यक्ष सन्तोष बास्तोलाले युनाइटेड क्लबले विभिन्न सामाजिक कार्यमार्फत आफ्नै छुट्टै पहिचान बनाउन सफल भएको बताएका छन् । "पछिल्लो समय जेन्जी आन्दोलन र रसुवा-भोटेकोशी बाढीबाट प्रभावित विपद् पीडितहरूलाई सहयोग गर्दै क्लबले अनुकरणीय काम गरेको छ,"वडाध्यक्ष बास्तोलाले भने, "क्लबका हरेक सकारात्मक क्रियाकलापमा वडा कार्यालयको सदैव साथ र सहयोग रहँदै आएको छ र आगामी दिनमा पनि यसलाई निरन्तरता दिइनेछ ।"

क्लबका निवर्तमान अध्यक्ष राजु श्रेष्ठले युनाइटेड क्लबले पोखरा महोत्सवमार्फत शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन र पोखरामा चिडियाखाना निर्माणको पहलकदमी गर्दै आएको स्मरण गराए । क्लबको पहलमा गण्डकी प्रदेश सरकारले 'ड्रिम प्रोजेक्ट'को रूपमा अगाडि बढाएको चिडियाखाना निर्माणले सोचेजस्तो गति लिन नसक्नु दुःखद भएको बताउँदै उनले यसले यथाशीघ्र पूर्णता पाउनुपर्नेमा जोड दिए ।

क्लबले अघिल्लो वर्षदेखि आफ्नै जग्गामा सुरु गरेको अर्को ड्रिम प्रोजेक्ट–आवासीय छात्रबास निर्माणको कामलाई अब आउने नयाँ कार्यसमितिले पूर्णता दिनुपर्ने जिम्मेवारी रहेको उनको भनाइ थियो ।

क्लबका अध्यक्ष लोक बहादुर थापाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य राखेका थिएभने क्लबका महासचिवले कार्यक्रमको सञ्चालन गरेका थिए । उक्त कार्यक्रमको संयोजन प्रथम उपाध्यक्ष शान्त बहादुर थापाले गरेका थिए ।

साधारण सभाले आगामी कार्यकालका लागि संस्थागत गतिविधिहरूलाई थप प्रभावकारी बनाउने र सामाजिक तथा विकास निर्माणका अभियानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

# बिरुवा र पुतलीबजारले ५८ लाख सहयोग गर्ने

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २० भदौं

स्याङ्जाको बिरुवा गाउँपालिका र पुतलीबजार नगरपालिकाले ५८ लाख रुपैयाँ भन्दा बढी रकम सहयोग गर्ने भएका छन् । रसुवा, नुवाकोट र धादिङलगायत जिल्लाका बाढीपीडितको उद्धार तथा राहतका लागि दुई स्थानीय तहले ५८ लाख १४ हजार ९४३ रुपैयाँ सहयोग गर्ने भएका हुन् ।

सहयोगअर्न्तगत बिरुवा गाउँपालिकाले ३० लाख ७५ हजार ५८ रुपैयाँ सहयोग गर्ने भएको छ भने पुतलीबजार नगरपालिकाले २७ लाख ३९ हजार ८५८ रुपैयाँ सहयोग गर्ने भएको हो । बिरुवा गाउँपालिकाको निर्णयअनुसार स्थानीय विपद् व्यवस्थापन कोषबाट पाँच लाख रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप राहत तथा उद्धार कोषमा जम्मा गरिने भएको छ । यस्तै, गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिको सेवा सुविधाबाट १० दिन बराबरको दुई लाख तीन हजार ४५० रुपैयाँ सहयोग गरिने गाउँपालिकाले जनाएको छ। त्यसैगरी अधिकृतस्तरका कर्मचारीको ७ दिन, सहायकस्तरका कर्मचारीको पाँच दिन तथा श्रेणीविहीन कर्मचारीको दुई दिन बराबरको तलबबाट चार लाख ९९ हजार ६४५ रुपैयाँ जम्मा गरिने भएको छ। त्यस्तै गाउँपालिकाभित्रका सम्पूर्ण शिक्षकको पाँच दिन र बालविकास सहजकर्ता, विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीको दुई दिन बराबरको तलबबाट १८ लाख ७१ हजार ९६३ रुपैयाँ सहयोग गरिने गाउँपालिकाले जनाएको छ ।

पुतलीबजार नगरपालिकाले भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट प्रभावितका लागि निर्वाचित जनप्रतिनिधिले पाउने मासिक सेवा सुविधाबाट नगरप्रमुख र उपप्रमुखले १५/१५ दिनको, वडाध्यक्ष तथा कार्यपालिका सदस्यले १०/१० दिनको र वडा सदस्यले आफ्नो सेवा सुविधाबाट जनही चार हजार पाँच सय रुपैयाँका दरले तीन लाख ८८ हजार ७५० रुपैयाँ सहयोग गर्ने भएका छन् । त्यस्तै, नगरपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीमध्ये श्रेणीविहीन कर्मचारीको दुई/दुई दिन, राजपत्र अनंकित वा सोसरहका कर्मचारीको पाँच/पाँच दिन र राजपत्रांकित तृतीय तथा द्वितीय श्रेणी वा सोसरहका कर्मचारीको सात/सात दिनको तलबबाट १२ लाख ५१ हजार १०८ रुपैयाँ सहयोग गरिने भएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले ११ लाख रुपैयाँ बराबरको वस्तुगत सहयोग समेत गर्ने निर्णय गरेको छ । उक्त रकमबाट दैनिक उपभोग्य सामग्री खरिद गरी बाढीपीडितलाई उपलब्ध गराइने नगरपालिकाले जनाएको छ । बाढीबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले सहयोग रकम उपलब्ध गराउन लागिएको स्थानीयले तहले जनाएका छन् ।

# मदरल्याण्ड सेकेण्डरी स्कुलबाट बाढीपीडितलाई आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

पोखरा महानगरपालिका-७ मासबारस्थित मदरल्याण्ड सेकेण्डरी स्कुलका विद्यार्थी, शिक्षक, कर्मचारी तथा विद्यालयले भोटेकोशी बाढी प्रभावितका लागि रु आठ लाख १५ हजार ५५५ सहयोग गरेका छन् ।

बाढीपीडितको उद्धार तथा राहतका लागि 'काइन्डनेस क्लब मदरल्याण्ड'को सक्रियतामा उक्त रकम सङ्कलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको विद्यालयका प्राचार्य डा नारायण बरालले जानकारी दिनुभयो । सामाजिक उत्तरदायित्वअन्तर्गत विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम सङ्कलन गरिएको उहाँले बताउनुभयो । बरालले भन्नुभयो, "प्राकृतिक विपत्तिको यस कठिन घडीमा प्रभावित नागरिकको उद्धार तथा राहतका लागि आफ्नो ठाउँबाट सहयोग गर्नु सबैको सामाजिक दायित्व हो ।

विद्यार्थी, शिक्षक, कर्मचारी र विद्यालय परिवारको सानो प्रयासले पनि पीडितलाई केही राहत पुग्ने विश्वासका साथ हामीले यो सहयोग रकम जुटाएर जम्मा गरेका छौं ।"

# दोस्रो हेमजा राष्ट्रिय साहित्य महोत्सव मंसिर पहिलो साता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

पोखराको हेमजामा दोस्रो हेमजा राष्ट्रिय साहित्य महोत्सव आगामी मंसिरको पहिलो साता आयोजना हुने भएको छ ।

हेमजा साहित्य प्रतिष्ठानले शनिबार आयोजना गरेको कार्यक्रममा आगामी मंसिर ४ देखि ६ गतेसम्म बिभिन्न कार्यक्रमसहित राष्ट्रिय साहित्य महोत्सव गर्न लागेको जानकारी दिईएको छ । महोत्सवका लागि कृष्ण प्रसाद पौडेलको संयोजकत्वमा २१ सदस्यीय मुल समारोह समिति चयन गरिएको प्रतिष्ठानका अध्यक्ष सुनिल गायकले जानकारी दिए ।

समितिको सह संयोजकमा बलराम पौडेल, उप संयोजकमा शिव पोखेल, दुर्गादेवी बस्नेत, अम्बिका भण्डारी र परशुराम अधिकारी छन् । त्यस्तै महासचिवमा कोबिद शरण उपाध्याय,



सचिवमा महाकाब्यकार बसन्त चालिसे, धर्मराज पौडेल अल्पायु, चन्द्रावती वाग्ले, बसन्त त्रिपाठी, उमा पौडेल भुर्तेल, कोषाध्यक्षमा सोमनाथ गौतम र सह कोषाध्यक्ष दिवाकर पौडेल रहेका छन् । सदस्यहरुमा शशि अधिकारी, सम्मर बहादुर गायक, गीता बराल अधिकारी, शोभा कोइराला त्रिपाठी, मिन बहादुर थापा, सुरेश रमण अधिकारी चयन भएको प्रतिष्ठानले जनाएको छ ।

महोत्सव व्यवस्थापनका लागि पहिलो बैठकबाट सल्लाहकार समिति गठनसहित थप बिस्तार गरिने महासचिव कोबिद शरण उपाध्यायले बताए । महोत्सवलाई भव्य बनाउन पोखरासहित आसपासका साहित्यिक संस्थालाई पनि समावेश गरिएको उनले जानकारी दिए ।समिति गठनसँगै महोत्सवको तयारी पनि सुरु गरिएको संयोजक कृष्ण प्रसाद पौडेलले बताए । महोत्सवमा साहित्यका बिभिन्न विधासहित लोक भजन र संस्कृति पनि समेटिने बताईएको छ । प्रतिष्ठानले पहिलो हेमजा राष्ट्रिय साहित्य महोत्सवको आय व्यय पनि सार्वजनिक गरेको छ । प्रथम महोत्सवमा १० लाख ४९ हजार २८ रुपैयाँ आम्दानी भएकोमा १० लाख ५१ हजार २८ रुपैयाँ खर्च भएको छ । महोत्सवमा सबैभन्दा बढी खर्च देशव्यापी प्रचार प्रसार यात्रामा भएको जनाईएको छ ।

जसमा १ लाख ९५ हजार खर्च भएको छ । कार्यक्रममा पोखरा २५ का वडा सदस्य सुबास भण्डारीले आलु महोत्सवले चिनिएको हेमजा, अब साहित्यिक क्षेत्रको रुपमा पनि परिचित हुने बताए ।उनले नेपाली साहित्यका राष्ट्रिय व्यक्तित्वहरु यसै क्षेत्रका भएकाले पनि महोत्सव सफल हुने विश्वास व्यक्त गरे ।प्रतिष्ठानका संरक्षक बसन्त बास्तोललले सबैको साथ र सहयोगबाट महोत्सव भव्य र सभ्य हुने बताए । प्रतिष्ठानका अध्यक्ष सुनिल गायकको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कोषाध्यक्ष सोमनाथ गौतम र संचालन प्रतिष्ठानका संस्थापक सचिव कोबिद शरण उपाध्यायले गरेका थिए ।

# राहत र ...

संघकी महासचिव शोभा गौतमले जानकारी दिइन् । एमबीएतर्फ जनप्रिय बहुमुखी क्याम्पसकी ज्योति तामाङ, बीबीएतर्फ पोखरा कलेज अफ म्यानेजमेन्टकी समीक्षा तिमिल्सिना र बीबीएसतर्फ जनप्रिय बहुमुखी क्याम्पसका सन्तोष थापा सम्मानित भएका हुन् । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष तथा लक्ष्मी ग्रुपका कार्यकारी निर्देशक अञ्जन श्रेष्ठ, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की र लक्ष्मी ग्रुपका कार्यकारी निर्देशक सुनिल श्रेष्ठले विद्यार्थीलाई पदक तथा पुरस्कार प्रदान गरेका थिए । स्नातकोत्तर तहमा उत्कृष्ट हुने विद्यार्थीलाई २५ हजार रुपैयाँ तथा स्नातक तहमा उत्कृष्ट हुने विद्यार्थीलाई १५ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो । नगद पुरस्कारसँगै माला, दोसल्ला, ताम्रपत्र र विद्या पदक प्रदान गरिएको हो । सम्मानपछि बोल्दै ज्योति तामाङले पदकले आफूहरूलाई मात्र नभई समग्र विद्यार्थी समुदायलाई अध्ययन तथा उत्कृष्टताका लागि थप हौसला मिलेको बताइन् । उनले पदक स्थापना गर्ने लक्ष्मी ग्रुप, सञ्चालन गर्दै आएको पोखरा उद्योग वाणिज्य संघ तथा आफ्ना गुरु र अभिभावकप्रति आभार व्यक्त गरिन् । शिक्षासेवी तथा पदक सञ्चालन समितिका सदस्य अमृतलाल श्रेष्ठका अनुसार हालसम्म ७६ जना विद्यार्थी लक्ष्मी विद्या पदकबाट सम्मानित भइसकेका छन् ।

पदक प्राप्त गरेका धेरै विद्यार्थी अहिले देश तथा विदेशका प्रतिष्ठित संघसंस्था, सरकारी निकाय तथा निजी क्षेत्रमा उच्च जिम्मेवारीमा कार्यरत रहेको उनले बताए । लक्ष्मी विद्या पदकको स्थापना २०५५ साल पुस २० गते गरिएको हो । पोखरा महानगरको दोस्रो नगर परिषदमा पोखरेली नवरत्नका रूपमा सम्मानित हुँदा लक्ष्मी हाउसका उद्योगपति बुद्धिबहादुर श्रेष्ठले प्राप्त गरेको १० हजार रुपैयाँमा लक्ष्मी हाउसका तर्फबाट २ लाख १ हजार १ सय ११ रुपैयाँ थप गरी अक्षयकोष स्थापना गरिएको थियो । सोही कोषमार्फत लक्ष्मी ग्रुपले पदक स्थापना गरेको हो भने यसको सञ्चालन पोखरा उद्योग वाणिज्य संघले गर्दै आएको छ ।

**नयाँ नेतृत्वका लागि चार जनाको प्रतिस्पर्धा**

यसैबीच पोखरा उद्योग वाणिज्य संघको ३६औँ महाधिवेशन शनिबारदेखि सुरु भएको छ । दुई दिनसम्म सञ्चालन हुने महाधिवेशनको पहिलो दिन उद्धाटन तथा छलफलका कार्यक्रम सम्पन्न भएका छन् भने आइतबार नयाँ नेतृत्व चयनका लागि मतदान हुँदैछ । संघको आगामी दुईवर्षे कार्यकालका लागि अध्यक्ष पदमा चार जनाबीच प्रतिस्पर्धा हुँदैछ । अध्यक्ष पदका लागि बलराम आचार्य, अर्जुन पोखरेल, उत्तममान बुद्धाचार्य र शोभा गौतमले उम्मेदवारी दिएका छन् । वरिष्ठ उपाध्यक्ष पदमा भने टीकाराम सुवेदी र दिनेशचन्द्र बास्तोलाबीच प्रतिस्पर्धा हुँदैछ। २७ सदस्यीय नयाँ कार्यसमिति चयनका लागि आइतबार बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म मतदान हुने निर्वाचन समितिले जनाएको छ।

# माछापुच्छ्रे गाउँपालिकाले बाढी प्रभावितलाई आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

कास्कीको माछापुच्छ्रे गाउँपालिकाले भोटेकोशीमा आएको बाढी प्रभावित नागरिकका लागि रु २० लाख ५२ हजार ६८० सहयोग गर्ने निर्णय गरेको छ ।

उद्धार कोषमा गाउँपालिकाका जनप्रतिनिधिको मासिक सेवासुविधाबाट रु ७३ हजार ९००, कर्मचारीबाट रु पाँच लाख १४ हजार ७७३, गाउँपालिकाअन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीबाट रु १३ लाख ६१ हजार सात र राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका सञ्जालबाट रु एक लाख तीन हजार सहयोग जम्मा गरिने गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङले जानकारी दिनुभयो ।


## उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## Upakar Saving and Credit Co-operative Ltd.

पोखरा म.न.पा.–६, बैदाम, कास्की
फोन नं.: ०६१–४५१३९२, ४६४६६३

## १९औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस सहकारी संस्थाको संचालक समितिको मिति २०८३/०५/११ गते बसेको बैठकको निर्णय बमोजिम संस्थाको **१९ औं वार्षिक साधारण सभा** सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा (कार्य व्यवस्था) निर्देशिका २०७६ संसोधित २०७७ बमोजिम निम्न मिति, समय र स्थानमा तपशिलका विषयहरुमा छलफल तथा निर्णय गर्ने गरि संस्थाको सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई आफ्नो अमुल्य सुझाब र गरिमामय उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थान:**
मिति: २०८३ आश्विन १० गते शनिबार
स्थान: क्रिष्टल महल, अम्बोट पोखरा ६
समय: बिहान ८:०० बजेदेखि
सम्पर्क नम्बर : ९८५६०५१३९२, ०६१–४५१३९२

**छलफलका विषयहरू**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत तथा अनुमोदन ।
२. आर्थिक वर्ष २०८२/०८३ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा २०८३/०८४ को प्रस्तावित बजेट प्रस्तुत तथा अनुमोदन ।
३. संचालक समितिको तर्फबाट सचिवको आ.ब. २०८२/८३ का कार्यक्रम तथा आ.ब. २०८३/८४ को प्रस्तावित कार्यक्रम प्रस्तुत तथा अनुमोदन सम्बन्धमा ।
३. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत तथा अनुमोदन ।
४. आ.व २०८२/०८३ को वार्षिक लेखापरीक्षण प्रतिवेदन प्रस्तुत तथा अनुमोदन ।
५ आ.व २०८३/०८४ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमीक निर्धारण सम्बन्धमा ।
६. आ.व २०८२/०८३ को शेयर लाभांश वितरण सम्बन्धमा ।
७ साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि चयन सम्बन्धमा ।
८. कार्यसमिति तथा उपसमिति पदपुर्ति सम्बन्धमा ।
९. निस्क्रिय शेयर सदस्य खारेजी सम्बन्धमा ।
१०. कार्यविधि पारीत सम्बन्धमा ।
११. विभिन्न विधामा सम्मान कार्यक्रम ।
१२. विविध ।

**कृष्ण कुमारी घिमिरे पौडेल**
**सचिव**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# विपद्का बेला उपभोक्तालाई थप बोझ नबोकाऊ

प्राकृतिक विपत्ति होस या मानव सृजित अप्ठ्यारो परेको बेला अभाव देखाएर बढी मूल्य लिनेहरु फेरि सक्रिय छन । विपद् या आपतका बेला सरकारले राहत दिनुपर्नेमा सरकार नै मूल्य बढाउन लाग्नु विडम्बना हो । पहिले आपूर्ति कम भएको निहुँ बनाएर जनताले सास्ती खेप्नुपरेको थियो अहिले पहिरो र सडकको अवस्था देखाएर ग्यासको मूल्य बढाइएको छ । कृष्णभिरको पहिरोले पृथ्वी राजमार्ग अवरुद्ध भएपछि काठमाडौं उपत्यकामा खाना पकाउने एलपी ग्यासको मूल्य प्रतिसिलिन्डर १ हजार ५ रुपैयाँ ३८ पैसा बढाइएको छ । उद्योग संघले गरेको निर्णय अनुसार अब काठमाडौं उपत्यकामा ग्यासको मूल्य प्रतिसिलिन्डर २ हजार १ सय ६५ रुपैयाँ ३८ पैसा पर्ने छ।

उद्योगीले तराईमा रिफिल गरी वैकल्पिक मार्गबाट ग्यास ल्याउनुपरेकाले ढुवानी लागत बढेको र उपभोक्तालाई केही भार सारिएको दावी गरेका छन् । कृष्णभिरमा गएको पहिरोका कारण पृथ्वी राजमार्ग अवरुद्ध भएपछि वैकल्पिक ढुवानी महँगो परेको भन्दै नेपाल आयल निगमको सहमतिमा उद्योगीले मिलेमतोमा खाना पकाउने एलपी ग्यासको मूल्य बढाएका छन् । नेपाल आयल निगमले एलपी ग्यासको मूल्य प्रतिसिलिन्डर २ हजार ६० रुपैयाँ तोकेकोमा ढुवानी भाडा भन्दै उद्योगीले १ सय ५ रुपैयाँ ३८ पैसा बढाएका हुन् । १८ भदौमा बसेको वार्षिक साधारणसभाको निर्णय बमोजिम काठमाडौं उपत्यकामा एलपी ग्यासको मूल्य बढाएको संघले विज्ञप्ति मार्फत जानकारी दिएको छ।

उद्योग संघले गरेको निर्णय अनुसार अब काठमाडौं उपत्यकामा ग्यासको मूल्य प्रतिसिलिन्डर २ हजार १ सय ६५ रुपैयाँ ३८ पैसा पर्ने छ। कृष्णभिरमा पहिरो गएका कारण वैकल्पिक मार्गबाट ग्यास ल्याउँदा महँगो पर्न गएकाले त्यसको केही भार उपभोक्ताले तिर्नुपर्ने गरी निर्णय गरिएको संघका पूर्वअध्यक्ष शिवप्रसाद घिमिरेको भनाइ छ । 'पहिला बुलेटले ग्यास ढुवानी गर्थ्यो । एक बुलेटमा १२ सय ५० सिलिन्डर ग्यास आउँथ्यो । तराईमा बोटलिङ गर्नुपर्दा र त्यहाँबाट अर्को माध्यमबाट ढुवानी गर्दा महँगो पर्न गएको दलिल उत्पादकको छ । ढुवानी भाडा नै १ सय ८० प्रतिसिलिन्डर परेकोमा त्यसमा उपभोक्तालाई १ सय ५ रुपैयाँ थप गरिएको छ । आयल निगमसँगको सहमति अनुसार ग्यास मूल्य बढाइएको उद्योगीको दाबी छ । उद्योगीले काठमाडौं उपत्यकामा रहेका ग्यास उद्योगले तराई क्षेत्रका ग्यास उद्योगमा रिफिल गरी ल्याउनुपर्ने बाध्यता भएकाले ढुवानी भाडा बढाइएको जानकारी संघले दिएको छ। ग्यासको खरिद दर (रेट) बढेको नभई ट्रान्सपोर्टेसन कस्ट (ढुवानी लागत) बढेका कारण उपभोक्ता मूल्यमा वृद्धि भएको नेपाल ग्यास उद्योगका सञ्चालक गोकुल भण्डारीले दाबी गरेका छन ।

उपभोक्ताको उपस्थिति र जानकारी बेगर मूल्य बढाउनु उपभोक्ता माथिप्रतिको अनुत्तरदायी व्यवहार हो । उद्योगबाट ५० किलोमिटर दूरीसम्मका लागि मात्रै तोक्ने गरेको बताएको छ । ५० किलोमिटरभन्दा बढी दुरीमा ग्यास ढुवानी गर्दा उद्योगीहरूले आफैं ढुवानी भाडा जोडेर लिन पाउने व्यवस्था रहेको स्पष्टीकरण दिएको छ। उद्योगदेखि ५० किलोमिटर उताका हकमा उद्योगीले ढुवानी भाडा जोडेर लिन पाउँछन भनेर मूल्य बढाउन घुमाउरो तरिकाले साथ दिएको छ। कुनै नयाँ व्यवस्था होइन, विगतदेखि नै यही नियम छ,'जहाँ पनि यही व्यवस्था लागु हुन्छ ।, भनेर व्यवसायीलाई ढुवानी लिन पाउँछन् । भन्ने बाटो खोलिदिएको छ। सरकार र सरकारी अंगहरु उपभोक्ता मुखी होइन व्यापारीको नाफाका लागि हुँदै आएका छन । आपतको बेला उपभोक्तालाई मारमा पारेर व्यापारीलाई खुशी बनाउने कामा सरकारी निकाय प्रबक्ता बन्नु दुर्भाग्य हो।यस्तो निर्णय तत्काल फिर्ता गरेर उपभोक्तालाई थप मारपार्ने काम रोक्नु जरुरी छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेपाली युवा बक्सर घिमिरे बने विश्व च्याम्पियन

**रासस**
काठमाडौं, २० भदौं

किक बक्सिङको इतिहासमा नेपाली युवा बक्सर अविरल घिमिरे 'हिमालयन चितुवा' ले पुनः एकपटक ऐतिहासिक सफलता हात पार्न सफल भएका छन् ।

जापानको नागोया सहरको करिया हलमा आज साँझ सम्पन्न 'हिट किक बक्सिङ- ५९ अन्तरराष्ट्रिय खेलकुद किक बक्सिङ महासङ्घ, विश्व च्याम्पियनसिपको मेन इभेन्ट प्रतियोगितामा 'हिमालयन चितुवा' ले फ्रान्सका प्रतिस्पर्धी बक्सर माथन चोइनार्डलाई नक आउटमा पराजित गर्दै नयाँ इतिहास कायम गर्न सफल हुनुभएको छ । प्रतिस्पर्धी बक्सर चोइनार्ड सन् २०२५ का विश्व च्याम्पियन खेलाडी हुन् । दोस्रो राउण्डको दोस्रो मिनेटमा बक्सर घिमिरले कडा मुक्का प्रहार गर्दै प्रतिस्पर्धी चोइनार्डलाई नकआउटमा पराजित गर्न सफल हुनुभयो । हालसम्म २९ अन्तरराष्ट्रिय प्रतियोगितामा भाग लिएका उहाँ २१ खेलमा विजय हासिल गर्दा २० मा नकआउट गर्दै जित्ने एक मात्र नेपाली खेलाडी हुनुहुन्छ । नेपालको गौरव, नेपालको साहस र नेपाली शानलाई किक बक्सिङ खेलमार्फत देशको पहिचान अन्तरराष्ट्रिय जगतमा पुर्‍याउने बक्सर घिमिरे नेपालको चम्किला तारा बनेका छन् । विजय प्राप्त गरेपछि बक्सर घिमिरेले हालै रसुवाको भोटेकोशी बाढीबाट उत्पन्न जनधनको अपूरणीय क्षतिप्रति दुःख व्यक्त गर्दै पीडितलाई सहयोग गर्ने जानकारी दिनुभयो । साथै हालसम्म आइ आफ्नो खेललाई साथ र सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुभयो ।

# भोटेकोशी बाढीः एक हजार ३३१ शव फेला, पाँच हजार सम्पर्कविहीन

**रासस**
काठमाडौं, २० भदौं

रसुवास्थित भोटेकोशी नदीमा यही भदौ १० गते गएको विनासकारी बाढीपछि हालसम्म एक हजार ३३१ जनाको शव फेलापरेको छ भने पाँच हजार जना अझै सम्पर्कविहीन रहेका छन् ।

बाढीबाट ठूलो जनधनको क्षति भएपछि सुरक्षा निकायले बेपत्ता भएकाको खोजी तथा उद्धारलाई तीव्र बनाएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आज सार्वजनिक गरेको विवरणअनुसार फेलापरेका शवमध्ये रसुवामा १५६, नुवाकोटमा १९५, धादिङमा ६७, गोरखामा ७४, तनहुँमा ३८, नवलपरासीपूर्वमा २२२, नवलपरासीपश्चिममा २१९ तथा चितवनमा ३६० रहेका छन् । प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार सम्पर्कविहीन हुनेमध्ये रसुवा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त हालसम्मको अद्यावधिक विवरणअनुसार करिब एक हजार ९६७ जना, नुवाकोटबाट करिब दुई हजार ३४० जना, ५८९ जना विदेशी नागरिक तथा सुरक्षाकर्मी र कर्मचारी गरी १०० जना रहेका छन् ।

बेपत्ताको संख्या ठूलो रहेकाले खोजी तथा उद्धारकार्यलाई थप प्रभावकारी बनाइएको प्राधिकरणले जनाएको छ । बाढी प्रभावित क्षेत्रमा सञ्चालन गरिएको अभियानबाट हालसम्म १३ हजार १०१ जनाको उद्धार गरिएको छ। नेपाली सेनाले चार हजार १६२, नेपाल प्रहरीले चार हजार ६८ तथा सशस्त्र प्रहरी बलले संयुक्त रूपमा चार हजार ८७१ जनाको उद्धार गरेको प्राधिकरणले जनाएको छ। यस्तै, हालसम्म ९८ वटा शवको सनाखत भई आफन्तलाई बुझाइएको प्राधिकरणले जनाएको छ । बाढीपछि घाइते तथा प्रभावित गरी हालसम्म पाँच हजार ९२९ जनाको उपचार गरिएको प्रवक्ता महतले बताउनुभयो । विभिन्न अस्पतालमा ३१६ जना, नेपाली सेनाबाट तीन हजार २९७ जना र सशस्त्र प्रहरी बलबाट दुई हजार ३१६ जनाले स्वास्थ्योपचार सेवा लिएका छन् । बाढी प्रभावितका लागि काठमाडौँ, रसुवा, नुवाकोट र धादिङमा स्थापना गरिएका ४१ होल्डिङ सेन्टरमा तीन हजार ९८२ जनाले सुरक्षित आश्रय लिइरहेका छन्। विस्थापित तथा प्रभावितलाई सुरक्षित स्थानमा राख्दै उनीहरूको आधारभूत आवश्यकता पूरा गर्न राज्यका निकायले राहत तथा व्यवस्थापनको काम अघि बढाइरहेको जनाइएको छ।

भोटेकोशी नदीमा आएको बाढीले एकैपटक ठूलो मानवीय तथा भौतिक क्षति पुर्याएपछि सुरक्षा निकाय, स्थानीय तह तथा विभिन्न सरकारी र गैरसरकारी निकाय खोजी, उद्धार, उपचार र राहत व्यवस्थापनमा निरन्तर सक्रिय छन् । सम्पर्कविहीन भएकाहरूको खोजी तथा उद्धारलाई अझ तीव्र बनाइएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ।

# मुस्ताङको टुकुचेमा कालीगण्डकीले कटान गरेपछि गाउँ पहिरोको जोखिममा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २० भदौं



कालीगण्डकी नदी कटानका कारण मुस्ताङको थासाङ गाउँपालिका-१ टुकुचे गाउँ पहिरोको उच्च जोखिममा परेको छ । शुक्रबार राति परेको आंशिक वर्षासँगै मुस्ताङको कालीगण्डकी नदीको सतह उच्च हुँदा टुकुचे गाउँ नदी कटान तथा पहिरोको उच्च जोखिममा परेको हो ।

थासाङ-१ टुकुचेमा योसँगै भदौमा मात्रै चार पटकसम्म कालीगण्डकी नदी कटान भइसकेको छ। कालीगण्डकीको शाखा नदीमा पानीको बहाव उच्च हुँदा टुकुचे गाउँ संरक्षणका लागि लगाइएको तटबन्ध तथा ग्याबिन वाल पनि भत्काएर नदीको धार गाउँतर्फ पुगेको थासाङ-१ का वडाध्यक्ष सुरेश थकालीले जानकारी दिनुभयो ।

उहाँका अनुसार गएरातिको कालीगण्डकी नदीको बाढीले टुकुचे गाउँ नजिकै रहेको स्याउ भण्डारण गर्ने चिस्यान केन्द्र र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)द्वारा निर्मित फोहर सङ्कलन गर्ने पूर्वाधार डुबानमा परेका छन् ।

नदीले धार परिवर्तन गर्दा कालीगण्डकी तटमा लगाइएका करिब एक हजार स्याउ बोट नष्ट भइसकेका वडाध्यक्ष थकालीले जानकारी दिनुभयो । नदीले यही गतिमा धार परिवर्तन गर्दै गएमा टुकुचे गाउँको तल्लो बस्तीमा रहेका ३० घरसहित गाउँ नजिकैको गुम्बा र ऐतिहासिक सम्पदामा क्षति पुग्ने उहाँले उल्लेख गर्नुभयो ।

वडाध्यक्ष थकालीका अनुसार भदौमा मात्रै चार पटकसम्म नदीले धार परिवर्तन गरी कटान गरेको छ । खानेपानी, जलस्रोत तथा सिँचाइ सवडिभिजन कार्यालयद्वारा करोडौं खर्च निर्माण गरिएको वाल तथा तटबन्ध बाढीले क्षति पुगेको छ ।

वडाध्यक्ष थकालीका अनुसार टुकुचे गाउँ र स्याउबारी संरक्षणका लागि पटकपटक नदी नियन्त्रण गर्ने प्रयास भइरहे भएपनि सफल हुन नसकिएको छैन । नदी नियन्त्रणका लागि स्थानीय जनश्रमदान र सरोकार भएका निकायले तारजालीको व्यवस्था गरी कटान रोक्ने प्रयास गरे पनि प्रभावकारी नभएको वडाध्यक्ष थकालीले बताउनुभयो । टुकुचे बस्ती तथा स्याउबारीका संरचना जोगाउन थासाङ गाउँपालिका र गाउँलेले चार वटा डोजर परिचालन गरी नदी नियन्त्रण गर्ने निरन्तर पहल गरिरहका छन् ।

बर्सेनि बर्खायामको समयमा लेदो र गेग्रानसहितको नदीजन्य पदार्थले नदी सतहको उकास बढ्दै जाँदा कालीगण्डकी नदीले धार परिवर्तन गर्ने गरेको वडाध्यक्ष थकालीले बताउनुभयो । नदी कटान रोक्ने प्रयास गरिएकाले केही नियन्त्रण भएको उल्लेख गर्दै उहाँले कटान पूर्ण रूपमा रोक्न स्थायी पूर्वाधार आवश्यक रहेकामा जोड दिनुभयो ।

# सात सय घरमा विद्युत सुविधाको पहुँच

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० भदौं

म्याग्दीमा पछिल्लो एक वर्षको अवधिमा सात सय घरपरिवारमा केन्द्रीय प्रशारण लाइनको विद्युत सुविधा विस्तार भएको छ ।

नेपाल बिद्युत प्राधिकरण म्याग्दी बितरण केन्द्रले आर्थिक वर्ष २०८२/०८३ मा जिल्लाका विभिन्न ठाउँमा सात सय उपभोक्ता थपिएका जनाएको छ । केन्द्रका प्रमुख सत्यनारायण गामीले एक वर्षयता धवलागिरि गाउँपालिकाको मल्कवाङ, खोरिया, लमसुङ, फलियागाउँ, मालिकाको महभिरमा विद्युत सुविधा विस्तार भएको जानकारी दिनुभयो । मल्कवाङका एक सय १०, खोरियामा ६०, लमसुङमा २५, महभिरमा एक सय २० र फलीयागाउँमा एक सय ५० वटा विद्युतको मिटर जडान भएको उहाँले जानकारी दिनुभयो । "धवलागिरीको लुलाङ र रघुगंगाको चिमखोलामा केन्द्रिय लाइन पुगेपनि लघुजलविद्युत परियोजनाको विद्युत उपभोग गरिरहेका उपभोक्ता मिटर लिन आएका छैनन," उहाँले भन्नुभयो "फलियागाउँमा यसअघिनै विद्युतीकरण भएपनि लघुजलविद्युत परियोजना बन्द भएपछि उपभोक्ताले मिटर लगेका छन् ।"

केन्द्रका प्रमुख गामीका अनुसार धवलागिरिको खिवाङ, मालिका गाउँपालिकाको पन्थोक, जुग्जा, सिस्नेरी, खवाङ, अन्नपूर्ण गाउँपालिकाको पर्यटकीय स्थल मोहरेडाडा, फुलवारी र डाडाखर्कमा केन्द्रिय लाइन विस्तारको तयारी भएको छ । उज्यालोका लागि सोलार, मट्टितेलको टुकी, दियालो र सिट्ठामा निर्भर स्थानीयबासीमा विजुली बलेपछि खुसीयाली छाएको धवलागिरी गाउँपालिका-५ का वडा अध्यक्ष अमर छन्त्याललले बताउनुभयो ।

घरायसी काम, बिद्यार्थीलाई अध्ययन गर्न सहज हुनुका साथै उद्यम ब्यवसाय सञ्चालन गर्ने अवसर सिर्जना भएको छ । पछिल्लो वर्ष थपिएका सहित म्याग्दी बितरण केन्द्र अन्तरगत २४ हजार चार सय ९० विद्युतका ग्राहक पुगेका केन्द्रका सूचना अधिकारी प्रकाश झाले बताउनुभयो । आर्थिक वर्ष २०८१/८२ मा आठ सय ७४, आर्थिक वर्ष २०८०/०८१ मा एक हजार चार सय ३८, २०७९/०८० मा एक हजार दुई सय ३८, २०७८/७९ मा सात सय ७० घरधुरीमा नयाँ लाईन जडान भएको प्राधिकरणको तथ्याङ्क छ। पर्वतको जलजला गाउँपालिकाको मल्लाज, वारीबेनी क्षेत्रमा पनि म्याग्दी बितरण केन्द्र अन्तरगतको मिलनचोक सबस्टेशन मार्फत बिद्युत वितरण हुदै आएको छ । म्याग्दीका १४ स्थानका दुई हजार एक ८३ घरधुरीमा राष्ट्रिय प्रशारण लाइनको विद्युत सुविधा विस्तारका लागि प्राधिकरणले आर्थिक वर्ष २०८०/०८१ देखि रु. २२ करोड बजेटको योजना सञ्चालन गरेको छ।

गत आर्थिक वर्षमा म्याग्दी वितरण केन्द्र मार्फत एक करोड ८४ लाख ७३ हजार सात सय ७९ युनिट विद्युत खपत हुँदा रु. ९९ करोड ८५ लाख ६९ हजार सात सय ४९ महशुल संकलन भएको छ । समयमा महशुल नबुझाउने ९८ जना ग्राहकको लाइन काटेर रु. २५ लाख ६८ हजार तीन सय ३० वक्यौता असुल गरिएको छ । ६० दिनसम्म महशुल नतिर्नेको लाइन काट्ने र छ महिना सम्म महशुल नबुझाउनेलाई कालोसुचिमा राखिने प्राधिकरणले जनाएको छ।

# मानव बेचबिखन तथा ओसारपसारमुक्त समाज निर्माणका लागि सहकार्य आवश्यकः प्रधानमन्त्री

**रासस**
काठमाडौं, २० भदौं

प्रधानमन्त्री वालेन्द्र शाहले मानव बेचबिखन तथा ओसार पसारमुक्त समाज निर्माणका लागि सङ्घ, प्रदेश र स्थानीय तहसहित सबै सरोकार भएका निकायबीच सहकार्य आवश्यक रहेको बताउनुभएको छ।

मानव बेचबिखनविरुद्धको २०औँ राष्ट्रिय दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै प्रधानमन्त्री शाहले मानव बेचबिखन मानवसभ्यताकै कलङ्कका रूपमा रहेको बताउँदै यो सङ्गठित अपराधका रूपमा विश्वभर फैलिरहेकाले यसलाई रोक्न सरोकार भएका निकायबीच सहकार्य र समन्वय आवश्यक पर्ने उल्लेख गर्नुभयो ।

'प्रविधिको सही प्रयोग र सजगताः मानव बेचबिखनरहित राष्ट्र निर्माणमा ऐक्यबद्धता' भन्ने नाराका साथ आज दिवस मनाइँदैछ । प्रधानमन्त्री शाहले प्रविधिको विकाससँगै मानव बेचबिखन तथा ओसारपसारको प्रवृत्ति, प्रकृति, स्वरूप र गन्तव्यमा समेत परिवर्तन आइरहेको बताउनुभयो । उहाँले मानव बेचबिखन तथा ओसार पसारको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धताअनुरूप नीतिगत तथा संस्थागत सुधार गर्दै आएको जानकारी दिनुभयो । यसका लागि तीनै तहको सरकार र सम्बन्धित सबै सरोकार भएका निकायको समन्वय तथा सहकार्यमा विभिन्न पहल भइरहेको उहाँको भनाइ छ । प्रधानमन्त्री शाहका अनुसार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई 'पालेर्मो प्रोटोकल'अनुकूल हुने गरी संशोधन गर्ने विधेयक संसद्मा दर्ता गरिएको छ। यसबाट मानव बेचबिखन तथा ओसारपसारबाट पीडितको अन्तरराष्ट्रियस्तरमा मानव अधिकार संरक्षणका लागि राज्यहरूबीच सहयोग र समन्वय बढाउन सहज हुने अपेक्षा गरिएको छ । विद्यमान कानुनी तथा संस्थागत संयन्त्रलाई सङ्घीय संरचनाअनुरूप बनाउने क्रममा मानव बेचबिखनविरुद्धको नीति जारी गरी कार्यान्वयनमा ल्याइएको प्रधानमन्त्री शाहले जानकारी दिनुभयो। उहाँले मानव बेचबिखनविरुद्धको अभियानमा सङ्घीय सरकारका अतिरिक्त प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार र अन्य सरोकार भएका निकायको सहकार्य अपरिहार्य रहेको बताउनुभयो ।

# स्याउखेतीमा कर्मको छलाङ

**सुन्दरकुमार थकाली**
मुस्ताङ, २० भदौं/रासस



व्यावसायिक स्याउखेती गरिरहनुभएका यहाँका किसान कर्म गुरुङले जिल्लाकै नमुना स्याउ किसानको परिचय बनाउनुभएको छ। आधा शताब्दीदेखि स्याउखेतीमा सक्रिय रहेका घरपझोङ-५ का गुरुङपछिल्लो साढे दुई दशकदेखि व्यावसायिकस्याउखेतीमासक्रिय हुनुहुन्छ।

स्याउखेतीमा उहाँका परिवारको तीन पुस्ताको इतिहास छ । सानैदेखि बाबुबाजेसँगै स्याउखेतीमा संलग्न गुरुङ मुस्ताङमा किसानका रुपमा स्थापित हुनुहुन्छ। उहाँको लोभ लाग्दा स्याउ बगैँचाले कर्म गरे यही सुन फल्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ। स्याउ किसान गुरुङको मेहनत, परिश्रम र दृढ इच्छा शक्तिले कुनै पनि व्यक्तिले चाहेका खण्डमा के सम्भव छैन भन्ने पाठ सिकाएको छ।

यतिबेला गुरुङका बगैँचामा स्थानीय र हाइब्रिड जातका स्याउ बोटमा लटरम्म रातम्मे स्याउ फलेका छन् । गुरुङले आफ्नो बगैँचामा फलेका स्याउलाई पैसा फलेको सङ्ज्ञा दिनुहुन्छ।

किसानले गुरुङले सदियौँदेखि परम्परागत स्याउखेतीलाई निरन्तरता दिँदै पछिल्ला दशकदेखि व्यावसायिक रुपमा छिटो उत्पादन दिने उच्च घनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउखेतीतर्फ लागि पर्नुभएको छ। उहाँले मुस्ताङको ढुम्बा, सम्ले, सिन्तामणि रिसोर्टलगायत विभिन्न स्थानमा निजी, अन्य व्यक्ति तथा समुदायको जग्गा भाडामा लिएर व्यावसायिक स्याउखेती गरिरहनुभएको छ। अहिले करिब ७०० रोपनी क्षेत्रफलमा कर्मशील कृषक गुरुङले बगैँचा विस्तार गर्नुभएको छ।

उहाँले आफ्नो र भाडामा लिएको जग्गामा पाँच हजार बढी स्थानीय जातका लोकल स्याउका बोट र ५७ हजार बढी हाइब्रिड जातका छिटो उत्पादन दिने स्याउका बिरुवा विस्तार गरिसक्नुभएको छ।

स्याउखेतीमा योजनाबद्ध रुपमा समर्पित हुनसकेमा लक्ष्यप्राप्ति गर्न कुनै समस्या नहुने जनाउँदै किसान गुरुङले स्याउखेतीका लागि १० वटा जर्सी गाई, ६०० च्याङ्ग्रा र २५ वटा मौरीको घार व्यवस्थापन गर्नुभएको छ।

स्याउखेतीलाई अर्गानिक उत्पादन दिलाउन उहाँले पर्याप्तमात्रामा पशुचौपाया र मौरीको घार विस्तार गर्नुभएको हो । गुरुङले मुस्ताङको विश्वमै चर्चामा रहेको सिन्तामणि रिसोर्ट नजिकै रहेको ७० रोपनी जग्गामा करिब १३ हजार बढी हाइब्रिड स्याउका बिरुवा रोप्नुभएको छ । किसानकर्मको चिम्ले अचार्ड कृषि स्याउ फार्म मुख्य ब्राण्ड बनिसकेको छ।

गत वर्ष स्थानीय र हाइब्रिड स्याउ गरी आफूले ४०० मेट्रिकटन स्याउ उत्पादन गरी करिब रु १२ करोड बराबरको आर्थिक कारोबार गरेको उहाँ बताउनुहुन्छ।

यस वर्ष किसान गुरुङले ७०० मेट्रिकटन स्याउ उत्पादन गर्ने लक्ष्य राख्नुभएको छ । यस वर्ष स्याउको परागसेचन हुने समयमा मौसम अनुकूल भएकाले स्याउ उत्पादन निकै राम्रो देखिएको किसान गुरुङ बताउनुहुन्छ । यस वर्ष उत्पादन हुने स्याउबाट करिब रु १७ करोडदेखि २० करोडसम्मको आर्थिक कारोबार हुने किसान गुरुङको प्रारम्भिक प्रक्षेपण छ।

मुस्ताङमा आफ्नो फार्ममा उत्पादन भएको स्याउको सबै मापदण्ड पूरा गरी बजार पुऱ्याउने गरेको उहाँको दाबी छ। यस वर्ष उत्पादन भएको स्याउ काठमाडौँ पुऱ्याएर बिक्री गर्ने तयारी भइरहेको बताउनुभयो।

विगतका वर्षमा सडक सहज नहुँदा बजारीकरणका लागि निकै समस्या र चुनौती हुने गरेकामा पछिल्लो समय यातायातको सहज पहुँचपछि स्याउ ढुवानी गर्न समस्या नभएको उहाँ बताउनुहुन्छ।

उहाँको चिम्ले अचार्ड कृषि फार्ममा २५ जनाभन्दा बढीले बाह्रै महिना रोजगारी पाएका छन् भने १०० भन्दाबढी श्रमिकले अल्पकालीन रोजगारी प्राप्त गरिरहेका छन् । वार्षिक रुपमा प्राप्त आम्दानी उहाँले स्याउखेती विस्तारमै लगानी गर्दै आउनुभएको छ। इटालीबाट आयात गरिएको विदेशी उच्च घनत्वको हाइब्रिड स्याउखेतीका लागि पर्याप्त पूर्वाधार तथा बिरुवालाई आवश्यकपर्ने टेकोसमेत विदेशबाट व्यवस्थापन गर्नुभएको छ । युटुब भिडियो हेर्दै स्याउखेतीबारे जानकारी हासिल गर्दै आउनुभएका गुरुङले त्यसबाट खेती गर्ने तरिकाबारे गहकिलो ज्ञान प्राप्त हुने गरेको प्रतिक्रिया दिनुहुन्छ।

पछिल्ला वर्षमा जलवायु परिवर्तनको असरले स्याउखेतीतर्फ निकै असर पुऱ्याउन थालेको उहाँको भनाइ छ । कृषक गुरुङका अनुसार, यसबीचमा पनि स्याउखेतीका लागि अनुकूलका उपाय र उपयुक्त व्यवस्थापन गर्नसकेमा जलवायु परिवर्तनका असरबाट हुने क्षति रोक्न सकिनेछ।

उहाँको घरपझोङ गाउँपालिकाभित्र करिब आधा दर्जन बढी स्याउ ब्लग रहेको छ। कर्मको स्याउ विस्तार अभियानमा परिवारका सबै सदस्यको साथ सहयोग रहेकाले उहाँको उत्साह अझ बढेको छ।

# सन्तानेश्वरमा महायज्ञ जारी, चार दिनमा सवा करोड संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं




पोखरा महानगरपालिका-५ प्रस्याङस्थित सन्तानेश्वर महादेव मन्दिर पुनःनिर्माणका लागि आयोजित श्रीमद्भागवत महापुराण सप्ताह ज्ञान महायज्ञमा चार दिनमै १ करोड २६ लाख रुपैयाँ संकलन भएको छ।

महायज्ञको चौथो दिन शनिबारमात्रै २० लाख ५० हजार रुपैयाँ सहयोग प्राप्त भएको आयोजकले जनाएको छ । महायज्ञको दोस्रो दिनसम्म ८५ लाख रुपैयाँ संकलन भएकोमा तेस्रो दिन थप २० लाख रुपैयाँ प्राप्त भएपछि तीन दिनमा १ करोड ५ लाख रुपैयाँ संकलन भएको अर्थ समिति संयोजक केशवप्रसाद अधिकारीले जानकारी दिए। चौथो दिन २० लाख ५० हजार थपिएपछि कुल रकम १ करोड २५ लाख ५० हजार रुपैयाँ पुगेको हो । महायज्ञमा पण्डित दीपकप्रसाद पौडेलले भागवत कथा वाचन गरिरहेका छन् भने भक्तजन भजन-कीर्तनमा सहभागी हुँदै नाचगानसमेत गरिरहेका छन् । महायज्ञ प्रचारप्रसार संयोजक लक्ष्मण बरालका अनुसार भदौ २५ गतेसम्म सञ्चालन हुने महायज्ञमा संगीतमय श्रीमद् भागवत कथा, देवलिला तथा विभिन्न धार्मिक कार्यक्रम भइरहेका छन् । महायज्ञबाट संकलित रकम मन्दिर पुनःनिर्माणमा प्रयोग गरिनेछ भने केही रकम बाढीपीडित राहत कोषमा जम्मा गरिने आयोजकले जनाएको छ । मन्दिरलाई चार ढोका र पञ्चमुखी शिवलिङ्गसहितको आकर्षक शिवालयका रूपमा पुनःनिर्माण गरी धार्मिक पर्यटकीय गन्तव्य बनाउने लक्ष्य राखिएको छ । सन्तानेश्वर महादेवलाई सन्तान प्राप्तिको वरदान दिने देवताका रूपमा पूजा गर्ने धार्मिक विश्वास छ । स्थानीय लिलाधर कोइरालाले करिब ९२ वर्षअघि मन्दिर स्थापना गरेका थिए।

# अठार महिनामा सक्नुपर्ने आयुर्वेद भवन पाँच वर्षमा पनि अलपत्रै

**पोखरापत्र संवाददाता**
वालिङ, २० भदौं



वालिङ नगरपालिका-१ यवादीमा रहेको धनुबाँसे आयुर्वेद औषधालयको भवन लामो समयदेखि अलपत्र छ।

स्थानीयलाई स्वास्थ्योपचारमा सहज पहुँच विस्तार गर्ने उद्देश्यले स्थापना भएको आयुर्वेद औषधालय पाँच वर्षदेखि अलपत्र परेको हो।

सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय पोखराअन्तर्गत विसं २०७७ फागुनमा सेफ इन्जिनियरिङ बिल्डर्स प्रालि चितवनसँग १८ महिनाभित्र भवन सम्पन्न गर्ने गरी सम्झौता भए पनि निर्माण कम्पनीको बेवास्ताका कारण पाँच वर्षदेखि अलपत्र परेको स्थानीय बताउँछन्।

भवनको हालसम्म आधामात्रै काम भएको सङ्घीय सहरी विकास तथा भवन निर्माण विभाग सङ्घीय आयोजना कार्यान्वयन एकाइ पोखराका इन्जिनियर लक्ष्मण लम्सालले जानकारी दिनुभयो । तोकिएको समयावधिमा काम सम्पन्न हुन नसकेपछि ठेक्का तोड्ने आशयको कार्यालयले सूचना निकालिएको जनाउँदै उहाँले भदौको अन्तिमसम्म पनि निर्माण कम्पनीले तदारुकता नदेखाएमा ठेक्का रद्द गर्ने बताउनुभयो।

"सकेसम्म निर्माण गरिरहेको कम्पनीबाट भवन सम्पन्न होस् भन्ने कार्यालयको चाहना हो", उहाँले भन्नुभयो, "निरन्तर रूपमा काम गरेको खण्डमा समय धेरै लाग्ने थिएन, अब आधाजसो काम बाँकी छ।" कार्यालयले भवन निर्माण समयमै सक्नका लागि पत्राचार गरे पनि निर्माण कम्पनीको ढिलासुस्तीले भवन पाँच वर्षदेखि अलपत्र हुँदै आएको छ । यहाँका स्थानीय तथा जनप्रतिनिधिले पटकपटक निर्माणलाई तीव्रता दिन अनुरोध गरे पनि निर्माण कम्पनीले अटेरी गर्दै आएको वालिङ-१ का वडाध्यक्ष पदमराज गुरुङले बताउनुभयो । "हजारौँ नागरिकले स्वास्थ्यजस्तो संवेदनशील सेवा दिने उद्देश्यले स्थापना भएको औषधालय निर्माण व्यवसायीको लापरबाहीले अलपत्र बनेको छ", उहाँले भन्नुभयो, "समयमै सक्न अनुरोध गर्दै आएका छौँ।

केही समस्या भए समाधानमा हामी जनप्रतिनिधि तथा स्थानीयवासी पनि लाग्ने भनिरहेका छौँ तर काम भएन।" समयमा भवन निर्माण सम्पन्न नहुँदा कार्यालय भाडामा लिएर सञ्चालन गर्नुपर्ने बाध्यता रहेको कार्यालय प्रमुख हरिप्रसाद अर्यालले बताउनुभयो । "ठाउँको अभाव हुँदा औषधालयले प्रदान गर्ने सेवा बन्द अवस्थामा छन्, सबै सेवा उपलब्ध गराउन सक्ने अवस्था छैन", उहाँले भन्नुभयो, "औषधालयमा गराउनुपर्ने मेडिकल योगा, शिरोधारासहित औषधि निर्माणाधीन भवनका कारण अहिले ठप्प छ।" उहाँका अनुसार अहिले औषधालयले सामान्य सेवा, औषधोपचार तथा परामर्शका कामहरू मात्र सञ्चालन गर्दै आएको छ।

# दिदीबहिनीलाई तीजको उपहार किनेर राखे, तर गोविन्द घर फर्किएनन्

**रासस**
कास्की, २० भदौं

रसुवाको टिमुरेस्थित भन्सार कार्यालयमा कार्यरत पोखरा-१४, समावेशी टोलका गोविन्दबहादुर अधिकारीको यसपटक तीजमा घर आउने योजना थियो। आफ्ना दिदीबहिनीसँग बसेर तीज मनाउने र उनीहरूका लागि किनेका नयाँ कपडा उपहार दिने सोचमा हुनुहुन्थ्यो।

बाढी आउनु अघिल्लो दिन 'भिडियो कल'मार्फत किनेका कपडा देखाउँदै 'यो कलर कस्तो छ' भन्दै उहाँले परिवार र दिदीबहिनीसँग खुशी साट्नु भएको थियो । भदौ २६ गते घरमा आउने दिदीबहिनीलाई तीजको उपहार दिने र परिवारसँगै चाड मनाउने उहाँको त्यो सपना अब सँधैका लागि अधुरै रह्यो। टिमुरे भन्सार कार्यालयमा सवारी चालकका रूपमा कार्यरत ४७ वर्षीय अधिकारी गत भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परेर सम्पर्कविहीन हुनुभयो । बाढीमा परेका उहाँको अवस्था त्यसयता अज्ञात छ।

घटनापछि ज्यान जोगाएर फर्किन सफल उहाँका सहकर्मीका अनुसार अधिकारी बाढी आउनुअघि अन्य साथीसँगै कार्यालयकै काममा हुनुहुन्थ्यो। सोही बाढीमा भन्सार कार्यालयका १५ कर्मचारी सम्पर्कविहीन भएका थिए।

पोखरा विमानस्थल भन्सार कार्यालयबाट करिब छ महिनाअघि टिमुरे सरुवा भएर जानुभएका अधिकारी यसबीचमा दुई पटक घर आउनुभएको थियो । परिवारका सदस्य उहाँ फेरि सकुशल घर फर्किनुहुन्छ भन्ने आशामा बसे तर,उहाँको कुनै खबर आएन।

बाढी आएको दिन बिहानसम्म अधिकारी परिवारसँग सम्पर्कमा हुनुहुन्थ्यो । त्यसपछि भने उहाँसँग परिवारको कुनै सम्पर्क हुन सकेन।

परिवारले पटक-पटक उहाँको मोबाइलमा फोन गऱ्यो। विभिन्न ठाउँमा बुझे र अस्पताल र शव राखिएका स्थानमा समेत खोजी गऱ्यो। सुरुमा अप्ठ्यारो भूगोलका कारण सम्पर्क हुन नसकेको हुनसक्ने भन्दै परिवारले उहाँ सकुशल फर्किने आशा मारेको थिएन। बिहीबार घटनास्थलको प्रत्यक्ष अवलोकन गरेर पोखरा फर्किएपछि भने परिवारको आशा समाप्त भयो। लामो समयसम्म कुनै जानकारी नपाएपछि परिवारले हिन्दु संस्कारअनुसार शुक्रबार कुशको शव बनाएर शुक्रबार रामघाटस्थित सेती नदीमा अन्त्येष्टि गरेर काजकिरिया सुरु गरेको छ । छोरा विनय अधिकारीले बुबासँग बाढी आउनु दिनको विहानसम्म परिवारको सम्पर्क रहेपनि त्यसपछि कुराकानी हुन नसकेको बताउनुभयो।

"बुबा सकुशल आउनुहोला भनेर धेरै कामना गरेर बस्यौँ। तर केही जानकारी पाउन सकिएन। हिजो टिमुरे पुगेर साँझ फर्किएपछि त्यहाँको अवस्था देख्दा अब बुबा आउनुहोला भनेर आशा गर्ने ठाउँ नै रहेन।" उहाँले मलिन अनुहार र सुस्त आवाजमा भन्नुभयो । बुबा बेपत्ता भएपछि परिवारले कम्तीमा शव भए पनि भेटिन्छ कि भन्ने आशामा विभिन्न अस्पताल र स्थानमा खोजी गरेको विनयले बताउनुभयो । धादिङमा एउटा शवको तस्बिर मिल्दोजुल्दो देखिएपछि परिवार शव पहिचानका लागि त्यहाँसम्म पुगेको थियो। तर, प्रत्यक्ष रूपमा शव हेर्दा त्यो अधिकारीको नभएको पुष्टि भयो।

"धादिङमा भेटिएको शवको तस्बिर हेर्दा मिल्दोजुल्दो देखिएपछि हामी गयौँ," विनयले भन्नुभयो, "तर हातमा भएको ट्याटुका आधारमा त्यो शव बुबाको नभएको पुष्टि भयो।"

अधिकारीका छिमेकी र मिल्ने साथी रहनुभएका नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष माधव बरालले अधिकारी सम्पर्कविहीन भएदेखिनै समावेशी टोलमा सन्नाटा छाएको बताउनुभयो। सहयोगी, मिलनसार र सामाजिक स्वभावका अधिकारी बेपत्ता भएपछि टोलवासी पनि निरन्तर खोजीमा जुटेको उहाँले बताउनुभयो। शव वा अन्य कुनै सुराकको खोजीमा पोखरा, चितवनलगायतका अस्पतालसम्म पुगे पनि लामो समयसम्म कुनै जानकारी प्राप्त हुन नसकेको उहाँको भनाइ छ।

"जागिरका क्रममा उहाँ टिमुरे गए पनि हामीबीच दैनिकजसो कुराकानी हुन्थ्यो । टाढा रहे पनि उहाँलाई टोल र छिमेकको सधैँ चासो हुन्थ्यो । कसैलाई अप्ठ्यारो पर्दा सबैभन्दा अगाडि सर्ने स्वभाव थियो । साथीको यस्तो अकल्पनीय घटनाले हामीलाई गहिरो पीडा दिएको छ," बरालले दुःख व्यक्त गर्नुभयो । सामाजिक कार्यमा सक्रिय अधिकारी गीत-सङ्गीतमा पनि उत्तिकै रुचि राख्नुहुन्थ्यो । समावेशी टोलको सहसचिवका रूपमा उहाँले टोलका समस्या समाधान र विकासका काममा सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो।

उहाँको अर्को विशेष परिचय थियो मुरलीको मधुर धुन । विशेषगरी साथीभाइ जम्मा भएको बेला मुरली बजाएर सबैलाई मन्त्रमुग्ध बनाउने उहाँको कला टोलवासीका लागि अहिले सम्झना बनेको छ। छिमेकी घनश्याम पाण्डेका अनुसार अधिकारी घरमा हुँदा मुरली कहिल्यै छुटाउनुहुन्नथ्यो।

"साथीभाइ जम्मा हुनेबित्तिकै उहाँ मुरली बजाएर सबैलाई मन्त्रमुग्ध बनाउनुहुन्थ्यो । उहाँ घरमा हुँदा मुरली सधैँ साथमै हुन्थ्यो। त्यसैले कुशको शवसँगै एउटा मुरली पनि राखिदिएका छौँ । अर्को मुरली उहाँको सम्झनाका लागि घरमै राखेका छौँ," पाण्डेले भन्नुभयो । तनहुँको तत्कालीन मिजुङ गाविस तथा हालको भानु नगरपालिका-५ स्थायी घर भएका अधिकारीको परिवार विगत १५ वर्षदेखि पोखरा-१४, समावेशी टोलमा बसोबास गर्दै आएको छ। उहाँका आमा, श्रीमती, एक छोरा, एक छोरी, तीन दिदी र एक बहिनी हुनुहुन्छ।

गत भदौ १० गते रसुवामा आएको विनाशकारी बाढीपछि पोखराका १२ जना अझै सम्पर्कविहीन रहेका छन् । घटनामा परेर कुनै जानकारी नपाएकाका परिवारले अझै पनि आफ्ना प्रियजन आउने झिनो आसमा छन् । बाढीपछि सम्पर्कविहीन भएका तीन जना भने पछि परिवारको सम्पर्कमा आएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो । अन्यको अवस्था भने हालसम्म अज्ञात रहेको उहाँले जानकारी दिनुभयो।

# पालिका हुलाक 'स्मार्ट हुलाक' मा रुपान्तरण

**पोखरापत्र संवाददाता**
वालिङ, २० भदौं

स्याङ्जाको वालिङस्थित पालिकास्तरीय हुलाकलाई 'स्मार्ट हुलाक'मा रुपान्तरण गरिएको छ।

नेपाल सरकारले देशभरका ५० वटा हुलाकलाई स्मार्टमा रुपान्तरण गर्ने योजनासँगै वालिङलाई स्मार्ट हुलाकमा विकसित गरिएको हो।

हुलाकले प्रदान गर्दै आएको सेवालाई 'डिजिटलाइज' प्रविधिबाट अझै प्रभावकारी रुपमा अगाडि बढाइएको जिल्ला हुलाक कार्यालयका प्रमुख गुरुप्रसाद मरासिनीले जानकारी दिनुभयो । "हुलाक कार्यालयबाट अहिले भइरहेका कार्यलाई अझै प्रविधिमैत्री, छिटो छरितो र डिजिटल तरिकाले काम गर्ने प्रक्रियानै स्मार्ट हुलाकको उद्देश्य हो", उहाँले भन्नुभयो, "यसमा सेवाग्राहीले आफूले पठाएको चिठी कतिबेला कहाँ पुग्यो भनेर आफैँले हेर्न मिल्छ, जसबाट अझै सहज र विश्वसनीय हुने देखिन्छ ।" स्मार्ट हुलाकलाई भौतिक पूर्वाधार विकास, आधुनिक यन्त्र उपकरणको व्यवस्थापन, डिजिटल सुरक्षा, ट्र्याकिङ प्रणालीको व्यवस्थासँगै सेवालाई प्रविधिमैत्रीबनाइनेउहाँलेजानकारी दिनुभयो । उक्त हुलाकबाट हुँदै आएका हस्तलिखित तथा कागजी प्रक्रियालाई विस्थापित गर्दै डिजिटल र प्रविधिमैत्री तरिकाले सेवा दिने गरी विकास गर्दै लगिएको पालिकास्तरीय हुलाक कार्यालय वालिङका प्रमुख राहुल विकले बताउनुभयो।

पुरानो तरिकाले तथ्याङ्क ढड्डामा राख्ने परिपाटीको क्रमशः अन्त्य गर्दै डिजिटल माध्यमबाट अझै विश्वसनीय, छिटो छरितो र भरपर्दो माध्यमको रुपमा विकसित गर्ने काम भइरहेको जानकारी दिइएको छ। स्याङ्जामा एक जिल्ला हुलाक, दश वटा पालिकास्तरीय र ३८ वटा अतिरिक्त हुलाक छन्।